# अपि पावर कम्पनी लिमिटेड
# API Power Company Ltd.

का.म.न.पा. वडा नं. ११, ट्रेड टावर थापाथली, काठमाण्डौ
फोन नं.: ०१-५१११०९३, फ्याक्स नं.: ०१-५१११०३५
इमेलः info@apipower.com.np, वेभसाइटः www.apipower.com.np


## २१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

अपि पावर कम्पनी लिमिटेडको मिति २०८१/०५/३० गते आईतबार, अपरान्ह ४:०० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८०/०८१ को २१औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहाय बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थीतिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**२१औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

**मिति :** २०८१ साल कार्तिक १ गते बिहीबार (Thursday, October 17, 2024)
**स्थान :** होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं (Hotel Crystal Pashupati, Gaushala)
**समय :** बिहान ११:०० बजे देखि (11:00 A.M Onwards)

### २१औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।
२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।
३) कम्पनीको आर्थिक बर्ष २०८०/०८१ को खुद मुनाफाबाट कर प्रयोजनको लागि ०.४७३७ प्रतिशत नगद लाभांस वितरण गर्ने सम्बन्धमा।
४) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (यस कम्पनीको बाह्य लेखापरिक्षक श्री शिशिर बि एण्ड एसोसियट्स आगामी आर्थिक वर्षको लागि पुनः लेखापरिक्षण गर्न योग्य हुनुहुन्छ।)

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको आर्थिक बर्ष २०८०/०८१ को खुद मुनाफाबाट ९ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने सम्बन्धमा।
२) कम्पनीले संचालन तथा विकास गरिरहेको आयोजनाहरुको लागि बैंक तथा वित्तिय संस्थाबाट लिने आवश्यक कर्जा कम्पनी ऐनको दफा १०५ (ख) अनुरुप तोकिएको सिमा भन्दा बढी रहेकोहुँदा कर्जा अनुमोदन गर्ने तथा आयोजनाहरु निर्माणको लागि थप आवश्यक कर्जा लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
३) कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन आवश्यक भएमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
४) अपि पावर कम्पनी लिमिटेडको सहायक कम्पनी श्री अपि इन्फ्रा लिमिटेड कम्पनीमा १०० प्रतिशत शेयर स्वामित्व रहने गरी लगानी गर्ने सम्बन्धमा।
५) अपि पावर कम्पनी लिमिटेडले बहुमत शेयर स्वामित्व रहने गरी श्री लटिनाथ पावर कम्पनी लिमिटेड कम्पनीमा लगानी गरी न्वागाड साना जलविद्युत आयोजना (९.७ मे.वा.) निर्माण गर्ने सम्बन्धमा।
६) अपि पावर कम्पनी लिमिटेडले श्री दार्चुला पावर कम्पनी लिमिटेड कम्पनीमा लगानी गरी मध्य चमेलिया जलविद्युत आयोजना (२८.३ मे.वा.) निर्माण गर्ने सम्बन्धमा।
७) अपि पावर कम्पनी लिमिटेडको बहुमत शेयर स्वामित्व रहेको श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड कम्पनीमा लगानी गरि माथिल्लो तादी खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण अन्तिम चरणमा भईरहेकोले उक्त लगानीलाई अनुमोदन गर्ने सम्बन्धमा।
८) कम्पनीको नियमावलीमा ब्यवस्था भए बमोजिम कम्पनीका शेरधनीहरुबाट १ महिला तथा १ स्वतन्त्र समेत गरि ५ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा।

**ग) विविध।**

### २१औं वार्षिक साधारण सभा हुने सम्बन्धी जानकारीहरुः

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाण पत्र तथा हितग्राही खातामा रहेको यस कम्पनीको शेयर विवरण वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ।
२) शेयरधनीहरुको दरखास्तको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:३० बजेबाट खुल्ला गरिनेछ।
३) २१औं वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०८१ साल असोज १६ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई तीन कार्य दिनभित्र शेयर दाखिला खारेजका लागि प्राप्त शेयरहरुबाट कायम शेयरधनीहरु मात्र यस आ.व. २०८०/०८१ को यस सभामा भाग लिन योग्य हुनेछन्।
४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतःबदर हुनेछ।
५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लागत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनी शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ।
६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ।
७) साधारण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर, थापाथली, काठमाण्डौंमा सम्पर्क राखी लिन सकिने छ। थप जानकारीको लागि कम्पनीको वेब साइट www.apipower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

3x28